SHIVAM CEMENTS LIMITED

Hetauda-16, Makawanpur, Nepal
Corporate Office: Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
GPO Box 13478, Tel: +977-1-5705993/5706804, Fax: +977-1-5706854
Website: www.shivamcement.com, **Email:** info@shivamcement.com

Unaudited Statement of Financial Position As At 13th Apr, 2021 (Chaitra 31, 2077)

Particulars	Shivam Cements		
	13th Apr, 2021 (Chaitra 31, 2077)	13th Jan, 2021 (Poush 29, 2077)	12th Apr, 2020 (Chaitra 30, 2076)
Assets			
Non Current Assets			
Property, Plant & Equipment	4,111,232,232	4,199,793,454	4,478,408,075
Intangible Assets	1,082,434	1,082,434	248,867
Investment in Subsidiaries	3,866,274,575	3,665,703,000	3,565,703,000
Other Non-Current Assets	16,324,088	16,300,088	11,333,250
Total Non Current Assets	**7,994,913,329**	**7,882,878,976**	**8,055,693,192**
Current Assets			
Inventories	2,304,685,641	2,142,820,929	2,463,297,335
Financial Assets			
Trade Receivables	2,335,458,231	1,968,443,843	2,753,875,953
Cash & Cash Equivalent	102,484,473	464,608,233	20,433,042
Others	33,136,655	31,196,367	333,781,599
Other Current Assets	141,707,854	113,514,260	435,251,340
Income Tax Assets (Net)			
Total Current Assets	**4,917,472,854**	**4,720,583,632**	**6,006,639,268**
Total Assets	**12,912,386,183**	**12,603,462,608**	**14,062,332,460**
Equity & Liabilities, Equity			
Equity Share Capital	4,400,000,000	4,400,000,000	4,400,000,000
Share Premium	956,233,911	956,233,911	956,233,911
Other Equity	4,120,309,690	3,612,143,711	3,773,453,719
Total Equity	**9,476,543,601**	**8,968,377,622**	**9,129,687,630**
Non Current Liabilities			
Financial Liabilities			
Long Term Borrowings	18,587,876	16,597,012	1,091,192,516
Deferred Tax Liabilities	103,312,905	103,570,181	81,816,582
Total Non Current Liabilities	**121,900,781**	**120,167,193**	**1,173,009,098**
Current Liabilities			
Financial Liabilities			
Trade Payables	1,880,380,851	1,985,682,193	1,958,469,425
Short Term Borrowings	564,117,213	836,681,683	529,827,968
Other Financial Liabilities	218,046,147	157,562,700	197,825,822
Other Current Liabilities	568,459,868	494,768,023	965,247,569
Provisions	20,293,208	14,432,212	1,521,784
Income Tax Liabilities (Net)	62,644,514	25,790,982	106,743,163
Total Current Liabilities	**3,313,941,802**	**3,514,917,793**	**3,759,635,732**
Total Liabilities	**3,435,842,583**	**3,635,084,986**	**4,932,644,830**
Total Equity and Liabilities	**12,912,386,183**	**12,603,462,608**	**14,062,332,460**

Unaudited Statement of Profit & Loss For the Period Ended 13th Apr, 2021 (Chaitra 31, 2077)

Particulars	Shivam Cements		
	Upto 3 Qtr 2077-78	Upto 2 Qtr 2077-78	Upto 3 Qtr 2076-77
Income:			
Revenue From Operations	7,355,127,874	4,255,992,099	7,084,085,942
Other Income	38,948,841	34,848,111	11,279,141
Total Income	**7,394,076,715**	**4,290,840,211**	**7,095,365,083**
Expenses:			
Raw Materials Consumption	3,058,423,530	1,732,079,438	2,758,452,321
Electricity/Power & Fuel	1,549,253,611	914,225,099	1,658,904,956
Changes in Inventories of Finished Goods & Work-In-Progress	97,308,015	97,424,783	(32,033,411)
Employee Benefit Expenses	436,200,285	255,388,740	385,222,148
Depreciation & Amortization	362,835,015	241,582,554	356,299,808
Other Expenses	565,406,155	333,290,294	804,250,157
Finance Cost	23,699,416	15,042,634	134,442,743
Total Expenses	**6,093,126,027**	**3,589,033,542**	**6,065,538,722**
Profit/(Loss) Before Tax	**1,300,950,689**	**701,806,668**	**1,029,826,361**
Tax Expense			
Current Tax	210,855,999	111,862,840	172,711,845
Deferred Tax	13,993	271,269	(4,452,945)
Net Profit/(Loss) For The Year	**1,090,080,697**	**589,672,559**	**861,567,461**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०७७।०७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

(क) तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरणः

यस संस्थाको त्रैमासिक नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ । यस अवधि अर्थात तेस्रो त्रैमासको सम्बद्ध संस्थाहरूसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

क्र. सं.	सम्बद्ध संस्थाहरूको नाम	कारोवार रकम (मू. अ. कर बाहेक)	कैफियत
१	मोर्डन ईन्फाष्ट्रक्चर प्रा. लि.	२१७,९५७,४३२	खरिद
२	अरविन्द इम्पोरियम प्रा. लि.	१५५,७१०,०९६	खरिद
३	स्टार लाईम इन्डस्ट्रिज प्रा. लि.	१४७,४२०	खरिद
४	कन्स्ट्रक्शन सोलुशन प्रा. लि.	२,२७६,६४६	खरिद
५	प्रिमियर वायर्स प्रा. लि.	६,१६३,७१८	खरिद
६	पशुपति सिनप्याक इन्डष्ट्रिज प्रा.लि.	२३,३९२,५४७	खरिद
७	लुम्बिनी विद्युत उद्योग प्रा.लि.	८४,०००	खरिद
८	लुम्बिनी विद्युत उद्योग प्रा.लि.	३,०७९,७८४	विक्रि
९	लक्ष्मी लाइम प्रोडकस्	८,४३३,९२२	खरिद
१०	होङ्सी शिवम् सिमेन्ट प्रा. लि	१,५९२,२७१,३०७	खरिद
११	होङ्सी शिवम् सिमेन्ट प्रा. लि	१०५,९९७,३५२	विक्रि
	कूल जम्मा	२,११५,५१४,२२४	

(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी (वार्षिक)	प्रतिशेयर नेटवर्थ	प्रतिशेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
३३।०३	२१५।३८	२९३।४६	१।४८

२. व्यवस्थापकीय विश्लेषण : क) समिक्षा अवधिमा संस्थाको मुनाफा, उत्पादन तथा विक्री वितरण, तरलता लगायत सन्तोषजनक रहेका छन् । उत्पादन र विक्री वितरणको लक्ष्य हासिल गर्न कोभिड को प्रभाव अझै रहेको भएता पनि यस अवधिमा संस्थाको कारोवारको अवस्थासन्तोष जनक रहेकोछ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः

विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेण्ट आम उपभोक्ताहरूका बीचमा पुऱ्याउने सम्बन्धि कार्यहरू गर्दै शेयरधनीहरूलाई उचित प्रतिफल, मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको भौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरणः

विश्व भरी महामारिको रूपमा रहेको कोभिड–१९ को प्रभावले गर्दा विकास निर्माणका काममा आएको सिथिलता यथावत रहेको, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक बढि रहेको अवस्था समेतलाई हेर्दा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रर्वद्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरी संस्थालाई असर पर्न सक्ने कुराहरूको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरू सफलतापूर्वक संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ । नगद प्रवाह लगायतका कुराहरूमा तत्काल तात्विक असर पार्न सक्ने घटना, अवस्था पाइएको छैन ।

३. कानूनी कारवाही सम्बन्धि विवरण:

(क) आयकर ऐन बमोजिम कम्पनीले आ. व. २०७४।०७५ र आ. व. २०७५।०७६ को आय व्यय विवरण तोकिएको समयमा पेश गरिएकोमा श्री ठूलाकरदाता कार्यालय, ललितपुरबाट केहि शिर्षक अन्तरगतका खर्चहरूलाई अमान्य समेत गरी संशोधित कर निर्धारण आदेश जारी गरेकोमा उपरोक्त संशोधित कर निर्धारण आदेशमा कम्पनी व्यवस्थापनको चित्त नबुझेको हुँदा उक्त निर्णयहरूका विरूद्ध श्री आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुरनावलोकनका लागि कानून बमोजिम पुनरावलोकनको निवेदन दायर गरिएको । साथै आ.व. २०६७।०६८, आ.व. २०६८।०६९, आ.व. २०७०।७१, आ. व. २०७१।७२ को संशोधित कर निर्धारण आदेश विरूद्ध राजश्व न्यायाधिकरणमा निवेदन दर्ता गरेकोमा विचाराधिन रहेको ।

(ख) नेपाल विद्युत प्राधिकरण को मितिः २०७६।०१।१२ को पत्रबाट कम्पनीले निवेदन माग पनि नगरेको र डेडिकेटेड फिडरबाट लोडसेडिङ.का भएका बखत विना लोडसेडिँग निरन्तर २४ सै घण्टा विद्युत सुविधा उपभोग नगरेको, उपलब्ध पनि नभएको अवस्थामा पनि डेडिकेटेड दरको महसुल दाखिला गर्न पत्राचार गरेकोमा उक्त पत्र, विल तथा निर्णयहरूका विरूद्ध सम्मानित पाटन उच्च अदालत, ललितपुर समक्ष उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउन दायर गरेको रीट निवेदन खारेज गर्ने निर्णय भएकोमा कम्पनीको चित्त नबुझेकोले उपरोक्त मुद्दा दोहोऱ्याई पाउन सम्मानित सर्वोच्च अदालत, काठमाडौंमा दोहोऱ्याई पाउको निवेदन दायर गरेकोका सम्मानित अदालतमा विचाराधिन रहेको ।

(ग) वितरक श्री लक्की हार्डवेयर एण्ड सप्लायर्स काठमाडौंले लामो समय देखि कारोवार पनि नगरेको रकम भुक्तानी समेत नगरेका कारण मितिः २०७६।६।२३ गते श्री काठमाडौं जिल्ला अदालत समक्ष भुक्तानी पाउन बाँकी रू. ५,५७०९५।८४ र सोको ब्याज समेतको रकम दिलाई भराई पाउ भनि फिराद पत्र दायर गरिएकोमा मुद्दा विचाराधिन रहेकोछ ।

(घ) कम्पनीका वितरक श्री सृष्टि एण्ड प्रफुल, बालाजु, काठमाडौंले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने रकम रू. २२,९०,९३४।०० को कम्पनीको नाममा एकाउण्ट पेयी चेक दिइएकोमा उक्त खातामा रकम नभएको चेक उपलब्ध गराई चेक अनादार गरेका कारण निजका विरूद्ध श्री काठमाडौं जिल्ला अदालत समक्ष मितिः २०७७।०४।२२ गते चेक अनादरको फिराद पत्र दायर गरिएको र हाल सम्मानित अदालतमा विचारधीन रहेकोछ ।

(ङ) भैरहवा स्थित लुम्बिनी अन्तरारष्ट्रिय एयरपोर्ट निर्माण कार्य गर्ने ठेकेदार कम्पनी श्री North West Civil Aviation Airport Construction Group Company Ltd, काठमाडौं ले सिमेन्ट खरिद गरी रकम भुक्तानी गर्दा अग्रिम कर कट्टि गरेको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेमा रू. ५५३,६३६।९८ मात्र ढिला दाखिला गरेका कारण तूला करदाता कार्यालयले अमान्य गरेको र रू. १४,५६,२६८।४२ हालसम्म पनि नबुझाएकोले जम्मा रू. २०,०९,९०५।४० र सोको ब्याज समेत दावी लिई सम्मानित काठमाडौं जिल्ला अदालत समक्ष मितिः २०७७।०४।२२ मा रकम दिलाई भराई पाउ भनि फिराद दायर गरिएकोमा सम्मानित अदालतमा उक्त मुद्धा विचाराधिन रहेकोछ ।

(च) श्री ए. ए. सि. लाईट ब्रिक्स् प्रा. लि.काठमाडौंले उधारोमा सिमेन्ट खरिद भुक्तानी गर्नु पर्ने रकम रू. ३२,८८,४४२।५९ कम्पनीलाई भुक्तानी नगरेकोले सोको ब्याज सहित भुक्तानी दिलाई पाउन मितिः २०७७।०८।०८ गते श्री काठमाडौं जिल्ला अदालतमा बस्तुको मुल्य वापतको रकम दिलाई भराई पाँउ भनि फिराद पत्र दायर गरेको र हाल उक्त मुद्दा सम्मानित अदालतमा विचाराधिन रहेको छ ।

४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरूप हुने गरेकोछ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र कारोवार संख्या :

अधिकतम मूल्य रू.	न्यूनतम मूल्य रू.	अन्तिम मूल्य रू.	कारोवार दिन	कारोवार संख्या
१७२०	१२८५	१४४७	५९	३०१५०४१ थान

५. समस्या तथा चुनौती:

नेपाली उद्योगहरूबाट खपतको तुलनामा भईरहेको उत्पादन अत्याधिक रहेको, सोको कारण बजारमा आम ग्राहकहरू माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरूपको नीति, रणनीति अवलम्बन गरि संस्थाले विक्री पछि उपलब्ध गराउने निशुल्क प्राविधिक सेवाहरूको विस्तार, मानव संशाधनको विकास, व्यवस्थापन लगायतका कार्यक्रम अवलम्वन गरिएको छ ।

विश्व भर महामारीको रूपमा फैलिएको कारोनाभाइरस (कोभिड–१९) को प्रभाव अझैसम्म पनि रहिरहेको सन्दर्भमा उद्योगबाट उत्पादनहुने सामानको उपयोग समग्र देशको अर्थव्यवस्था र भौतिक संरचना निर्माणका काममा पर्ने असरका कारण भविष्यमा उत्पन्न हुने परिस्थितिमा आधारित हुने गर्दछ । संस्थाले खर्चमा मितव्ययिता अपनाई काम गर्नेछ ।

६. संस्थागत सुशासन:

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवारमा आर्कषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरू पालना गरिएकोछ ।

७. सत्य तथ्यताका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाईएको छैन ।